काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२६ ❐ मंगलवार, २३ भदौ, २०८३ ❐ Tuesday, 8 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

जेन–जी आन्दोलनको एक वर्ष

सडकमा उठेको प्रश्न, सत्तामा पुगेको परिवर्तन

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २२ भदौ

एक वर्षअघि आजकै दिन, अर्थात् २०८२ भदौ २३ गते, नेपालको सडकमा एउटा यस्तो आवाज उठ्यो, जसले केही घण्टामै सामाजिक सञ्जालको प्रतिबन्धविरुद्धको विरोधलाई देशव्यापी राजनीतिक विद्रोहमा बदलिदियो । त्यो आवाज थियो, जेन-जी पुस्ताको ।

सरकारले फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, एक्स, युट्युबलगायत प्रमुख सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएपछि सुरु भएको विरोध प्रदर्शनको पृष्ठभूमिमा भ्रष्टाचार, राजनीतिक बेथिति, अवसरको अभाव, जवाफदेहिताको कमी र पुरानो राजनीतिक नेतृत्वप्रतिको बढ्दो असन्तुष्टि पनि जोडिएको थियो ।

सामाजिक सञ्जाल प्रतिबन्ध आन्दोलनको तत्कालीन कारण भए पनि आन्दोलनकारीको नाराले छिट्टै यसको दायरा फराकिलो बनायो, 'सामाजिक सञ्जाल खोल'बाट 'भ्रष्टाचार रोक', 'जवाफदेही बन' र 'व्यवस्था सुधार' सम्म ।

आन्दोलनको पहिलो दिन ठूलो संख्यामा युवाहरु काठमाडौंको माइतीघर मण्डला, नयाँ बानेश्वर र संसद् भवन आसपास भेला भए । देशका अन्य शहरमा पनि प्रदर्शन भयो । सुरुमा शान्तिपूर्ण देखिएको आन्दोलन संसद् परिसरमा प्रवेश गर्ने प्रयास र सुरक्षाकर्मीसँगको झडपपछि हिंसात्मक बन्यो ।

सुरक्षा निकायले बल प्रयोग गर्दा ठूलो मानवीय क्षति बाँकी पृष्ठ ३



'नेपो किड्स'देखि भ्रष्टाचारको विरोधसम्म

आन्दोलनअघि नै सामाजिक सञ्जालमा राजनीतिक नेता र उच्चपदस्थ व्यक्तिका छोराछोरीको विलासी जीवनशैलीबारे प्रश्न उठाउने अभियान चलिरहेको थियो । 'नेपो किड्स' भन्ने शब्द त्यसैको प्रतीक बन्यो । यसले एउटा पुस्ताको असन्तुष्टिलाई अभिव्यक्त गऱ्यो, देशमा अवसर पाउन क्षमता चाहिन्छ कि पहुँच ?

नेपालका युवाको ठूलो हिस्सा अध्ययनपछि रोजगारीका लागि विदेश जानुपर्ने अवस्था, राजनीतिक नियुक्तिमा पहुँच र नातावादको आरोप, भ्रष्टाचार र सार्वजनिक सेवाको सुस्ततावाट असन्तुष्ट थियो । सामाजिक सञ्जाल प्रतिबन्धले ती सबै असन्तुष्टिलाई एउटै ठाउँमा ल्याइदियो । यस अर्थमा भदौ २३ को आन्दोलन अचानक जन्मिएको घटना थिएन । त्यो लामो समयदेखि सञ्चित हुँदै आएको युवा असन्तुष्टिको विस्फोट थियो ।

तर आन्दोलनको अर्को पाटो पनि उत्तिकै गम्भीर छ । भदौ २३ र २४ का घटनामा सरकारी तथा सार्वजनिक संरचनामा आगजनी र तोडफोड भयो । राजनीतिक दलका कार्यालयदेखि राज्यका महत्वपूर्ण संरचनासम्म क्षतिग्रस्त भए । आन्दोलनको नाममा भएको हिंसा र सार्वजनिक सम्पत्तिको विनाशले आन्दोलनको नैतिक पक्षमाथि प्रश्न पनि उठायो । शान्तिपूर्ण विरोध गर्ने अधिकार लोकतन्त्रको आधारभूत अधिकार हो । तर सार्वजनिक संरचना जलाउनु, निजी सम्पत्ति नष्ट गर्नु र हिंसामा उत्रिनु कुनै पनि आन्दोलनको वैधतालाई कमजोर बनाउने विषय हुन् ।

भदौ २३ र २४ को घटनाबारे छानबिन गर्न आयोग गठन गरिएको थियो । आयोगको प्रतिवेदन सार्वजनिक भइसकेको छ र त्यसले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुडमाथि फौजदारी अनुसन्धान अघि बढाउन सिफारिस गरेको विवरण सार्वजनिक भएको छ ।

जेन–जीले खोजेको परिवर्तन आयो त ?



एक वर्षअघि युवाहरुले उठाएका मागमध्ये केही तत्कालै पूरा भए, सामाजिक सञ्जाल प्रतिबन्ध हट्यो, सरकार परिवर्तन भयो, राजनीतिक नेतृत्वमाथि छानबिनको प्रक्रिया अघि बढ्यो । तर जेनजीले खोजेको परिवर्तन आयो त ? जेन-जी आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका आदर्शविक्रम सिंहले बालेन्द्र शाहबाट ठूलो परिवर्तनको अपेक्षा गरिए पनि शिक्षा, स्वास्थ्य, रोजगारी, प्रविधि र सार्वजनिक सेवामा अपेक्षाअनुसार सुधार हुन नसकेको बताए ।

यद्यपि, सरकारको कामको मूल्याङ्कन गर्न अहिले नै हतार हुने उनको भनाइ छ । सुर्खेतका जेन-जी आन्दोलनका अर्का अगुवा युवा कुमार समेश्वर थापाले सरकारले सुशासनमा जोड दिए पनि सार्वजनिक सेवा अझै सहज हुन नसकेको बताए । 'लाइन होइन, अनलाइन' भन्ने सरकारी प्रतिबद्धता कर्णालीमा कार्यान्वयन हुन नसकेको उनको भनाइ छ । आन्दोलनका क्रममा घाइते सन्तोष बोहोराकी श्रीमती निर्मला खड्काले सरकारले रोजगारी र छोरीहरूको शिक्षाका विषयमा गरेको प्रतिबद्धता पूरा गर्न नसकेको गुनासो गरिन् । प्राविधिक जनशक्ति भए पनि आफूले योग्यता र क्षमताअनुसारको रोजगारी नपाएको उनले बताइन् ।

सत्तामा आएको परिवर्तन

जेन-जी आन्दोलनपछि नेपालको राजनीतिले अप्रत्याशित मोड लियो । तत्कालीन सरकार ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी दिइयो । सरकारको आधिकारिक अभिलेखले पनि आन्दोलनपछिको राजनीतिक परिस्थितिलाई सम्बोधन गर्न र निर्वाचनमार्फत दिगो लोकतान्त्रिक स्थिर सरकार सुनिश्चित गर्ने उद्देश्यसहित कार्कीलाई प्रधानमन्त्री बनाईएको थियो ।

त्यसपछि भएको राजनीतिक पुनर्संरचनाले अन्ततः नयाँ पुस्ताको राजनीतिक आकांक्षालाई निर्वाचन र शासनको मूलधारसँग जोड्ने बाटो खोल्यो । अर्थात्, एक वर्षअघि सडकमा 'हामीलाई सुन्नुपर्छ' भनेर उत्रिएको पुस्ताले त्यसपछि राजनीतिमा आफ्नो प्रतिनिधित्वको प्रश्न पनि उठाउन थाल्यो ।

दलदल र सुरुङभित्र जारी छ खोजी, प्रधानमन्त्री भन्छन्- 'अन्तिमसम्म छाड्दैनौं'



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २२ भदौ

प्रधानमन्त्री बालेन्द्र शाहले रसुवा-नुवाकोटका बाढी प्रभावित जलविद्युत् आयोजना क्षेत्रमा बेपत्ता भएकाहरूको खोज तथा उद्धार कार्यलाई अन्तिमसम्म जारी राख्ने बताएका छन् ।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत बाढीका कारण प्रभावित विभिन्न जलविद्युत् आयोजनामा भइरहेको खोज तथा उद्धारको पछिल्लो अवस्थाबारे जानकारी दिँदै स्रोत, साधन र समयको सीमितताका बाबजुद खोजी कार्यलाई निरन्तरता दिइरहेको बताएका हुन् । उनका अनुसार गत भदौ १० गते रसुवागढीको करिब २० किलोमिटर उत्तरपूर्वमा रहेको लाङटाङ हिमालको ५ हजार ६ सय मिटर उचाइबाट गएको हिमपहिरोका कारण भोटेकोसी नदीमा लेदोसहित आकस्मिक बाढी आएको थियो । बाढीका कारण रसुवा र नुवाकोटका सञ्चालनमा रहेका तथा निर्माणाधीन जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेको थियो । प्रधानमन्त्रीले प्रभावित आयोजनामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका टोली निरन्तर खोज तथा उद्धारमा खटिरहेको जानकारी दिएका छन् । खोजी कार्यमा मित्रराष्ट्रबाट आएका विशेषज्ञ टोलीले समेत सहयोग गरिरहेको उनले बताए ।

वीरेन्द्रनगरमा महिलामैत्री 'मिलन पार्क' सञ्चालनमा

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, २२ भदौ

वीरेन्द्रनगरमा महिलामैत्री 'मिलन पार्क' निर्माण सम्पन्न भएसँगै सञ्चालनमा आएको छ । वीरेन्द्रनगर-८ मा निर्माण गरिएको पार्कको आइतबार वीरेन्द्रनगर नगरप्रमुख मोहनमाया ढकालले उद्घाटन गरेसँगै पार्क सञ्चालनमा आएको हो ।

युरोपियन युनियन र फिन्ल्याण्ड सरकारको आर्थिक सहयोग तथा वीरेन्द्रनगर नगरपालिकामा सञ्चालित 'सिटीज फर वुमेन' (महिलामैत्री शहर) परियोजनाअन्तर्गत पार्क निर्माण गरिएको हो ।

शहरी योजनाकार



इन्जिनियर सुगम गौतमका अनुसार करबाहेक करिब १ करोड ६५ लाख रुपैयाँ लागतमा १० महिनामा पार्क निर्माण सम्पन्न भएको हो । स्थानीय समुदायसँग प्रत्यक्ष छलफल र सुझाव संकलन गरी पार्कको डिजाइन तयार गरिएको उनले बताए ।

पार्क निर्माणको ठेक्का एसबी, केएनएस र त्रिशक्ति जेभी, सुर्खेतले लिएको थियो ।

पार्क उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख मोहनमाया ढकालले पार्क महिलामैत्री अवधारणामा निर्माण गरिए पनि सबै नागरिकले अपनत्व महसुस गर्ने गरी विकास गरिएको बताइन् । उनले बालबालिकादेखि ज्येष्ठ नागरिक र बाँकी पृष्ठ ४

सुउवा संघले सङ्कलन गरेको ३ लाख बढी रकम हस्तान्तरण

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २२ भदौ

भोटेकोशी बाढीपहिरोबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले सुर्खेत उद्योग वाणिज्य संघले ३ लाख ३ हजार ३ सय ३३ रुपैयाँ सहयोग गरेको छ । संघले संकलन गरेको उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो । विपद्को समयमा मानवीय सहयोग र सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै संघले सहयोग रकम उपलब्ध गराएको जनाएको छ ।संघका अनुसार सहयोग रकममध्ये बजारमा रहेका व्यवसायीबाट १ लाख ११ हजार ५ सय ७० रुपैयाँ, संघका पदाधिकारी तथा कार्यसमितिबाट १ लाख ७५ हजार ७ सय ६० रुपैयाँ र वस्तुगत समितिबाट १६ हजार ३ रुपैयाँ संकलन भएको हो । संघका अध्यक्ष हर्षविक्रम खड्काले बाढीपहिरोले ठूलो जनधनको क्षति हुनुका साथै सडक, पुल, घर तथा अन्य भौतिक संरचनामा समेत गम्भीर क्षति पुगेकाले पीडितको राहत र पुनर्निर्माणमा थोरै भए पनि योगदान पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको बताए । उनले बाढीपहिरोबाट रसुवामा ठूलो जनधनको क्षति भएको भन्दै पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण आवश्यक रहेको बताए। संघले गरेको सहयोग सानो भए पनि विपद्मा परेका नागरिकको पीडामा केही मल्हम लगाउन सहयोग पुग्ने विश्वास रहेको उनको भनाइ थियो।

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

मंगलवार, २३ भदौ, २०८३
Tuesday, 8 Sep 2026

सम्पादकीय

आफन्तका आँखामा अझै आशाको झिल्को

भोटेकोशी बाढीले कर्णालीका सयौँ परिवारलाई पीडा, अनिश्चितता र अन्तहीन प्रतीक्षामा धकेलेको छ । आफ्नै सन्तानको अवस्था थाहा नपाउनु जस्तो पीडा कुनै अभिभावकका लागि कति भयावह होला, जाजरकोटको शिवालय गाउँपालिकाका अध्यक्ष शेरबहादुर शाहीको भोगाइले देखाउँछ । बाढी आएको खबरसँगै छोरा महेन्द्रविक्रम शाहीको खोजीमा नुवाकोट पुगेका उनी नौ दिनसम्म छोराको सास वा लासको खबरको प्रतीक्षामा रहे । अन्ततः डीएनए परीक्षणका लागि नमुना दिएर फर्किएका उनले छोराको जीवित नभएको खबर पाएपछि कुशको शव बनाएर अन्त्येष्टिको तयारी गर्नुपर्ने अवस्था आयो ।

शेरबहादुरको पीडा एउटा परिवारको कथा मात्र होइन । भोटेकोशी बाढीले कर्णालीका धेरै परिवारलाई यस्तै अनिश्चित प्रतीक्षामा राखेको छ । प्रहरीको विवरणअनुसार कर्णालीका २४८ जना सम्पर्कविहीन भएकामा ७८ जना सम्पर्कमा आएका छन् भने १६८ जनाको अवस्था अझै अज्ञात छ । जुम्ला, सल्यान, सुर्खेत, मुगु, हुम्ला, कालीकोट, दैलेख, जाजरकोट र डोल्पाका परिवारहरु आज पनि आफन्त फर्किने आशामा छन् ।

शवसमेत नभेटिएपछि कतिपय परिवारले कुशको शव बनाएर अन्त्येष्टि गर्न बाध्य भएका छन्। तर संस्कार पूरा गर्दैमा मनले मृत्यु स्वीकार्न सकेको छैन । कतैबाट फोन आउला, उद्धारकर्ताले जीवित भेट्लान् वा 'फेला परे' भन्ने खबर सुनिएला भन्ने आशा अझै बाँकी छ । बाढी आएको १०-११ दिनपछि समेत केही व्यक्तिको जीवित उद्धार भएको घटनाले यो आशालाई थप बल दिएको छ । यस्तो अवस्थामा राज्यको पहिलो दायित्व बेपत्ताको खोजीलाई अधिकतम प्रभावकारी बनाउनु हो। कठिन भूगोल, पुरिएका सुरूङ र भग्न संरचनाबीच उद्धार चुनौतीपूर्ण भए पनि आधुनिक प्रविधि, दक्ष जनशक्ति र आवश्यक स्रोतसाधन परिचालनमा कुनै कमी हुनु हुँदैन । शव पहिचानका लागि भइरहेको डीएनए परीक्षणलाई पनि शीघ्र र व्यवस्थित बनाउनुपर्छ ।

भोटेकोशीको विपत्ति केवल प्राकृतिक प्रकोपको घटना होइन, यसले विपद् व्यवस्थापनको हाम्रो तयारीमाथि पनि गम्भीर प्रश्न उठाएको छ । आज बेपत्ताको खोजी, भोलि पीडितको पुनर्स्थापना र दीर्घकालमा सुरक्षित पूर्वाधार निर्माण राज्यको प्राथमिकता बन्नुपर्छ । आफन्तको प्रतीक्षामा रहेका परिवारलाई अनिश्चितातामा छाडेर विपद्को घाउ निको हुँदैन। उनीहरूलाई सत्य, सूचना र न्यायसहितको जवाफ चाहिएको छ ।

नेपाल र जलवायु न्याय : एक बहस



✍ उपेन्द्र विश्वकर्मा

जलवायु परिवर्तन अब वातावरणको मात्रै विषय रहेन । यो न्याय, समानता, विकास र मानव अधिकारसँग जोडिएको गम्भीर राजनीतिक प्रश्न बनिसकेको छ । संसारका सबै देशले जलवायु परिवर्तनको असर भोगिरहेका छन्, तर सबैको योगदान र क्षतिको मात्रा भने उस्तै छैन । औद्योगिक विकासका क्रममा कोइला, तेल र ग्यासको ठूलो प्रयोग गरेर आर्थिक समृद्धि हासिल गरेका देशहरूले लामो समयदेखि वायुमण्डलमा ठूलो मात्रामा हरितगृह ग्यास थप्दै आएका छन् । विडम्बना के छ भने त्यसको असर अहिले कम उत्सर्जन गर्ने र आर्थिक रूपमा कमजोर देशहरूले बढी भोगिरहेका छन् ।

नेपाल यसको राम्रो उदाहरण हो । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा निकै सानो छ । तर हिमाल पग्लिनेदेखि हिमताल बढ्ने, बाढी-पहिरो जाने, वर्षाको ढाँचा बदलिने, खडेरी बढ्ने र कृषि तथा जैविक विविधतामा असर पर्ने समस्या दिनहुँ गम्भीर बन्दै छन् । त्यसैले नेपालका लागि जलवायु परिवर्तन केवल वातावरण जोगाउने विषय होइन । यो मूलतः जलवायु न्यायको विषय हो ।

जलवायु न्यायको बहसलाई एउटा सरल प्रश्नबाट सुरु गर्न सकिन्छ–जलवायु संकट सिर्जना गर्न सबैको भूमिका बराबर छैन भने त्यसको मूल्य चुकाउने जिम्मेवारी पनि सबैको बराबर हुन सक्छ? पक्कै पनि सकिँदैन । औद्योगिक राष्ट्रहरूले दशकौँसम्म जीवाश्म इन्धनको व्यापक प्रयोग गरेर आफ्नो अर्थतन्त्र बलियो बनाए । त्यस क्रममा वायुमण्डलमा ठूलो मात्रामा कार्बन जम्मा भयो । तर आज जलवायु परिवर्तनको असरको ठूलो हिस्सा विकासशील र गरिब देशहरूले बेहोर्नुपरिरहेको छ ।

यही असमानतालाई सम्बोधन गर्ने आधार हो– साझा तर विभेदित जिम्मेवारी । अर्थात् जलवायु परिवर्तन समाधान गर्ने जिम्मेवारी सबैको हो, तर सबैको जिम्मेवारी समान हुँदैन । जसको ऐतिहासिक योगदान बढी छ र जससँग आर्थिक तथा प्राविधिक क्षमता बढी छ, उसले बढी जिम्मेवारी लिनुपर्छ ।

नेपालको अवस्था यही कारण पनि फरक छ । यहाँको ठूलो जनसंख्या अझै कृषि र प्राकृतिक स्रोतमा निर्भर छ । विशेषगरी हिमाली र पहाडी क्षेत्रमा मानिसको दैनिक जीवन पानी, वन, जमिन, चरन र कृषिसँग प्रत्यक्ष जोडिएको छ । तापक्रम बढ्दा वा वर्षाको समय र मात्रा फेरिँदा यसको असर सीधै उनीहरूको जीवनमा पर्छ ।

तर जलवायु परिवर्तनले सबै नेपालीलाई एउटै ढंगले प्रभावित गर्दैन । गरिब परिवार, साना किसान, भूमिहीन, महिला, दलित, आदिवासी जनजाति, दुर्गम क्षेत्रका नागरिक तथा प्राकृतिक स्रोतमा निर्भर समुदाय बढी जोखिममा छन् । उनीहरूसँग विपद् सामना गर्ने आर्थिक र सामाजिक क्षमता पनि सीमित हुन्छ । त्यसैले जलवायु परिवर्तनको असरलाई केवल मौसम वा वातावरणको समस्या भनेर बुझ्नु अपूरो हुन्छ । यो सामाजिक न्यायको प्रश्न पनि हो ।

नेपालको हिमाली क्षेत्र त झन् संवेदनशील अवस्थामा छ । तापक्रम बढ्दै जाँदा हिमनदीहरू पग्लिरहेका छन् र केही हिमतालहरू विस्तार भइरहेका छन् । हिमताल फुट्दा अचानक ठूलो बाढी आउन सक्छ । त्यसले तल्लो क्षेत्रमा रहेका बस्ती, सडक, पुल, जलविद्युत् आयोजना र अन्य संरचनामा ठूलो क्षति पुऱ्याउन सक्छ ।

हिमालमा भएको परिवर्तनको असर हिमालमै सीमित रहँदैन । त्यसको प्रभाव नदी प्रणाली हुँदै कृषि, खानेपानी, जलविद्युत्, पर्यटन र समग्र अर्थतन्त्रसम्म पुग्छ । अर्को महत्वपूर्ण कुरा के हो भने नेपालको हिमाल नेपालको मात्र सरोकारको विषय होइन । हिमालयबाट बग्ने नदीहरूले दक्षिण एसियाका करोडौँ मानिसको जीवन धानेका छन् । त्यसैले हिमालय संरक्षणलाई नेपालले अन्तर्राष्ट्रिय सरोकारको विषयका रूपमा उठाउन सक्नुपर्छ ।

जलवायु परिवर्तनले नेपालको विकासलाई पनि अप्ठ्यारो बनाउँदैछ । हामी सडक, पुल, जलविद्युत्, सिँचाइ, खानेपानीजस्ता पूर्वाधारमा ठूलो लगानी गरिरहेका छौँ । तर ती आयोजना बनाउँदा जलवायु जोखिमलाई पर्याप्त ध्यान नदिने हो भने केही वर्षमै बाढी वा पहिरोले क्षति पुऱ्याउन सक्छ । त्यसपछि फेरि त्यही संरचना बनाउन राज्यले पैसा खर्च गर्नुपर्छ ।

यसरी विकासका लागि छुट्याइएको सीमित स्रोत पुनर्निर्माणमै खर्च हुने अवस्था आउँछ । एकातिर विकास गर्नुपर्ने, अर्कोतिर जलवायुजन्य क्षति पूरा गर्नुपर्ने । यो एउटा दुष्चक्र हो । नेपालजस्तो सीमित स्रोत भएको देशका लागि यसको असर झन् ठूलो हुन्छ । विपद् व्यवस्थापनमा बढी पैसा खर्च हुँदा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा लगानी गर्ने क्षमता घट्न सक्छ ।

त्यसैले अब प्रश्न उठ्छ–नेपालले के गर्ने?

सबैभन्दा पहिले, अनुकूलनमा जोड दिनुपर्छ । नेपालले विश्वको कुल उत्सर्जनमा निकै कम योगदान गर्छ । त्यसैले नेपालका लागि जलवायु परिवर्तनका असरबाट नागरिकलाई जोगाउने तयारी तत्कालको प्राथमिकता हुनुपर्छ । जलवायु-अनुकूल कृषि, सुरक्षित बस्ती, प्रभावकारी पूर्वसूचना प्रणाली, जोखिमयुक्त क्षेत्रमा भूमि प्रयोगको उचित नियमन, जलस्रोत संरक्षण, हिमतालको नियमित निगरानी र जलवायु-मैत्री पूर्वाधार निर्माणमा ध्यान दिन आवश्यक छ ।

यसका लागि स्थानीय सरकारको क्षमता पनि बढाउनुपर्छ । विपद् आउँदा उद्धार र राहतका लागि मात्रै स्थानीय तहलाई सम्झिने पुरानो सोच अब पर्याप्त हुँदैन । स्थानीय तहसँग जोखिमको पूर्वपहिचान गर्ने, पूर्वतयारी गर्ने र समुदायलाई सचेत बनाउने क्षमता हुनुपर्छ ।

तर सबै जिम्मेवारी नेपालले मात्रै लिन सक्दैन । यहींबाट ियकक बलम म्कबनभ, अर्थात् जलवायुजन्य क्षति र नोक्सानीको विषय आउँछ । बाढी, पहिरो, हिमताल विस्फोट, खडेरी वा अन्य चरम मौसमी घटनाका कारण मानिसले घर, जमिन, सम्पत्ति, जीविकोपार्जन वा सांस्कृतिक सम्पदा गुमाउन सक्छन् । यस्तो क्षतिलाई हरेक पटक सामान्य 'प्राकृतिक विपद्' भनेर मात्र बुझ्नु उचित हुँदैन ।

जलवायु संकटमा कसको ऐतिहासिक योगदान कति छ र कससँग सामना गर्ने क्षमता कति छ भन्ने प्रश्न पनि उठ्नुपर्छ । त्यसैले विकसित देशहरूले जलवायु वित्त उपलब्ध गराउने, प्रविधि हस्तान्तरण गर्ने र जोखिममा रहेका देशलाई क्षति तथा नोक्सानी सामना गर्न सहयोग गर्ने विषय महत्वपूर्ण बनेको हो ।

नेपालले अन्तर्राष्ट्रिय जलवायु वार्तामा पनि आफ्नो आवाज अझ बलियो बनाउन आवश्यक छ । आफूलाई केवल 'जलवायु पीडित' भनेर प्रस्तुत गरेर मात्र पुगदैन । नेपालले हिमाली मुलुकहरूको साझा आवाज निर्माण गर्नुपर्छ । हिमालय, हिमनदी, हिमताल, पानीको सुरक्षा, जैविक विविधता र पर्वतीय समुदायको अधिकारलाई अन्तर्राष्ट्रिय एजेन्डाको केन्द्रमा ल्याउन सक्नुपर्छ ।

यससँगै अर्को कुरा पनि उत्तिकै महत्वपूर्ण छ– जलवायु वित्तमा पहुँच । अन्तर्राष्ट्रिय मञ्चमा पैसा उपलब्ध गराउने घोषणा हुन्छ, तर त्यो पैसा जोखिममा रहेका समुदायसम्म पुग्न धेरै कठिन हुन्छ । जटिल प्रक्रिया, कमजोर संस्थागत क्षमता र ऋणमुखी वित्तका कारण विकासशील देशले अपेक्षित लाभ लिन सकिरहेका छैनन् । नेपालले अनुदानमा आधारित, सहज, पारदर्शी र प्रत्यक्ष पहुँचयोग्य जलवायु वित्तको मागलाई अझ स्पष्ट रूपमा उठाउनुपर्छ ।

जलवायु न्यायको बहस अन्तर्राष्ट्रिय तहमा मात्र सीमित राख्नु हुँदैन । यसको सुरुवात नेपालभित्रैबाट हुनुपर्छ । जलवायुका नाममा आउने बजेट कहाँ खर्च भइरहेको छ? त्यसबाट सबैभन्दा जोखिममा रहेका समुदायले कति लाभ पाइरहेका छन्? यस्ता प्रश्न उठाउनुपर्छ । जलवायु बजेटको वितरणमा भौगोलिक, वर्गीय, लैंगिक र सामाजिक समानता आवश्यक छ । जोखिममा रहेका समुदायको आवाज योजना निर्माणमै समेटिनुपर्छ । स्थानीय मानिससँग छलफल नगरी बनाइएका कतिपय परियोजनाले समाधानभन्दा नयाँ समस्या पनि जन्माउन सक्छन् । त्यसैले जलवायु नीति माथिबाट थोपर्ने होइन, स्थानीय अनुभव र ज्ञानसँग जोड्ने नीति आवश्यक छ ।

ऊर्जा र विकासको विषय पनि यसैसँग जोडिन्छ । नेपालसँग जलविद्युत्को ठूलो सम्भावना छ । स्वच्छ ऊर्जाको विकासमार्फत नेपालले आफ्नो अर्थतन्त्रलाई हरित दिशामा लैजान सक्छ । तर जलविद्युत् परियोजनालाई केवल आर्थिक लाभका हिसाबले हेर्नु हुँदैन । नदी, वन, जैविक विविधता, स्थानीय समुदाय, विस्थापन र प्राकृतिक जोखिमलाई पनि उत्तिकै महत्व दिनुपर्छ ।

हरित विकास हुँदैमा त्यो स्वतः न्यायपूर्ण हुन्छ भन्ने छैन । यदि कुनै 'हरित' परियोजनाको लागत स्थानीय गरिब समुदायले बेहोर्नुपर्ने र त्यसबाट प्राप्त लाभ केही सीमित समूहले मात्र पाउने हो भने त्यो हरित तर अन्यायपूर्ण विकास हुन्छ । त्यसैले जलवायु न्यायले विकासको लाभ र लागत दुवै कसरी बाँडिन्छ भन्ने प्रश्न गर्छ ।

यसमा पुस्तान्तरणीय न्यायको कुरा पनि आउँछ । आजको पुस्ताले प्राकृतिक स्रोतको अत्यधिक दोहन गरेर भोलिका पुस्तालाई संकटग्रस्त वातावरण छोड्न मिल्दैन । हिमाल, नदी, वन, जैविक विविधता र स्वच्छ वातावरण आजका नागरिकका मात्र सम्पत्ति होइनन् । भावी पुस्ताको पनि त्यत्तिकै अधिकार छ ।

त्यसैले विकासलाई केवल आर्थिक वृद्धिदरले मापन गर्ने सोच परिवर्तन गर्नुपर्छ । आज सडक बनेको छ कि छैन भन्ने मात्रै महत्वपूर्ण होइन । त्यो सडक भविष्यको बाढी र पहिरोमा टिक्छ कि टिक्दैन भन्ने पनि महत्वपूर्ण हो । आज विद्युत् उत्पादन भयो कि भएन भन्ने मात्र होइन, त्यसले स्थानीय समुदाय र वातावरणमा कस्तो प्रभाव पाऱ्यो भन्ने पनि हेर्नुपर्छ ।

अन्ततः नेपालको जलवायु न्यायको बहस एउटा गहिरो प्रश्नमा पुग्छ–हामीले कति उत्सर्जन गर्छौँ भन्नेभन्दा हामी जलवायु संकटको सामना कति न्यायपूर्ण ढंगले गर्छौँ?

जलवायु संकटले नेपालमा पहिले नै रहेका सामाजिक र आर्थिक असमानतालाई अझ बढाउन सक्छ । त्यसैले जलवायु नीति गरिबी न्यूनीकरण, सामाजिक सुरक्षा, कृषि सुधार, रोजगारी, लैंगिक समानता र क्षेत्रीय विकाससँग जोडिनुपर्छ । विपद् आएपछि राहत बाँड्ने संस्कारबाट अब जोखिम घटाउने, पूर्वतयारी गर्ने र समुदायलाई सक्षम बनाउने दिशामा राज्य अघि बढ्नुपर्छ ।

नेपाल जलवायु परिवर्तनको प्रमुख कारण होइन । तर यसको असरबाट जोखिममा परेको देश हो । त्यसैले अन्तर्राष्ट्रिय समुदायसँग न्यायपूर्ण जलवायु वित्त, प्रविधि हस्तान्तरण, क्षति तथा नोक्सानीको सम्बोधन र हिमाली पारिस्थितिक प्रणालीको संरक्षणका लागि नेपालले दृढतापूर्वक आवाज उठाउनुपर्छ ।

तर अन्तर्राष्ट्रिय न्यायको माग गर्दै गर्दा नेपालले आफ्नै कमजोरी पनि हेर्नुपर्छ । विकास आयोजना कसरी बनाइएका छन्? वातावरणीय कानुन कति कार्यान्वयन भएका छन्? जलवायु बजेट कति पारदर्शी छ? स्थानीय समुदायको सहभागिता कति छ? यी प्रश्नको जवाफ पनि खोजिनुपर्छ ।

यस अर्थमा जलवायु न्याय भनेको विकसित देशसँग पैसा माग्नु मात्र होइन । देशभित्रका कमजोर नागरिकलाई जलवायु संकटको भारबाट जोगाउनु पनि हो । जसले कम प्रदूषण गरेको छ, उसलाई बढी क्षति हुनु हुँदैन । जससँग सामना गर्ने क्षमता कम छ, उसलाई राज्यले बढी संरक्षण गर्नुपर्छ । र जसको ऐतिहासिक जिम्मेवारी बढी छ, उसले समाधानमा बढी योगदान गर्नुपर्छ ।

यही सोचबाट हेर्दा नेपालका लागि जलवायु न्याय वातावरण संरक्षणको सीमित विषय होइन । यो लोकतन्त्र, सामाजिक न्याय, मानव अधिकार र दिगो विकाससँग जोडिएको साझा एजेन्डा हो । नेपालको जलवायु कूटनीतिले अब आफूलाई केवल जोखिममा परेको देशका रूपमा होइन, हिमालय र जलवायु न्यायको विश्वव्यापी आवाजका रूपमा स्थापित गर्न सक्नुपर्छ ।

(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)

बाढी पीडितलाई बौद्ध ग्रामीण सहकारीद्वारा ३ लाख २२ हजारभन्दा बढी आर्थिक सहयोग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २२ भदौ

रसुवा जिल्लाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित भएका नागरिकहरूका लागि सुर्खेतको बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आर्थिक सहयोग हस्तान्तरण गरेको छ । सहकारी संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व तथा मानवीय संवेदनालाई आत्मसात् गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु। ३,२२,७०५ (तीन लाख बाइस हजार सात सय पाँच रुपैयाँ) रकम जम्मा गरेको हो । उक्त रकम संस्थाका सञ्चालक समिति, कर्मचारी परिवार तथा संस्थाको तर्फबाट संयुक्त रूपमा सङ्कलन गरी प्रदान गरिएको जनाइएको छ । संस्थाका प्रमुख कार्यकारी अधिकृत विशाल कोसीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्ति जारी गर्दै बाढीका कारण ठूलो जनधनको क्षति भएको प्रति गहिरो दुःख व्यक्त गरिएको छ । विज्ञप्तिमा भनिएको छ, प्रकृतिले निम्त्याएको यस दुःखद् विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण दिवङ्गत आत्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ । साथै घाइते, बेपत्ता, विस्थापित एवं आफ्नो घर, व्यवसाय र सम्पत्ति गुमाउनुभएका प्रभावित नागरिकहरूप्रति गहिरो सहानुभूति प्रकट गर्दछौँ ।

यस कठिन घडीमा पीडितहरूको उद्धार, राहत तथा पुनस्थापना कार्यमा थप सहयोग पुऱ्याउनका लागि आफ्नो क्षमता अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग उपलब्ध गराई मानवीय सेवामा हातेमालो गर्न संस्थाले सम्पूर्ण क्षेत्र तथा नागरिकहरूमा हार्दिक अपिल समेत गरेको छ ।

कांग्रेसमा क्रियाशील सदस्यताको गाँठो फुके पनि शक्ति संघर्ष कायमै



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ भदौ

नेपाली कांग्रेसको कार्यसम्पादन समितिको आइतबारको बैठकले क्रियाशील सदस्यता सम्बन्धी महत्त्वपूर्ण निर्णय गरे पनि पार्टीभित्रको आन्तरिक कलह र शक्ति संघर्ष भने तत्काल साम्य हुने छाँटकाँट देखिएको छैन। आइतबारको कार्यसम्पादन समिति बैठकले नवीकरण गरेका तर प्राविधिक कारणले अद्यावधिक हुन नसकेका सदस्यहरूलाई १५औं महाधिवेशनमा सहभागी गराउने निर्णय गरेको थियो। यो निर्णयले एउटा प्राविधिक गाँठो फुकाए पनि नेतृत्व र समितिको संरचनालाई लिएर तीनवटै समूहका आफ्नै अडानहरूले गर्दा कांग्रेसमा सहमति अझै नजिक देखिँदैन।

कार्यसम्पादन समितिले पार्टीको अनुशासन उल्लङ्घन गरेका, पार्टी परित्याग गरेका र निधन भएका बाहेक नवीकरण गरेका तर अद्यावधिक हुन बाँकी रहेका सबै क्रियाशील सदस्यहरूले १५औं महाधिवेशनको प्रक्रियामा भाग लिन पाउने निर्णय गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए। यो निर्णयलाई विवाद सुल्झाउने प्रयासको सुरुवात भए पनि संस्थापन र इतर समूहका नेताहरूबिचको अविश्वास भने यथावत् छ।

सभापति गगन थापाले कार्यसम्पादन समिति बैठक अघि शनिबार साँझ निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का र आइतबार नेता डा. शेखर कोइरालालाई भेटेका थिए। दुई नेतासँगको भेटपछि बसेको कार्यसम्पादन समिति बैठकले यसअघिको क्रियाशील सदस्यता अद्यावधिकलाई अनिवार्य गर्ने निर्णय फेरबदल गरे पनि अन्य मागहरूका विषयमा निर्णय भएको छैन।

नेता खड्का निकट कांग्रेसका निवर्तमान केन्द्रीय सदस्य श्यामकुमार घिमिरे खड्कासँग मात्रै सहमति गरेर नहुने बताउँछन्। सहमति गर्ने हो भने चुनदेवी र सानेपाबिच हुनुपर्ने उनी बताउँछन्। घिमिरेले चुनदेवी भनेर निवर्तमान सभापति शेरबहादुर देउवा समूहले १५औं महाधिवेशनका लागि तयारी गर्न भन्दै चुनदेवीमा स्थापना गरेको सम्पर्क कार्यालयलाई भनेका हुन्।

सहमतिका लागि चुनदेवी र सानेपा मिल्नुपर्छ,' घिमिरेले रातोपाटीसँग भने, 'व्यक्ति विशेषसँगको सहमतिले मात्रै पार्टी पूर्णरूपमा एक रहन सक्दैन।' घिमिरेका अनुसार सहमतिका लागि १४औं महाधिवेशनबाट निर्वाचित भएर पनि हाल केन्द्रीय समिति बाहिर रहेका १११ जनालाई केन्द्रीय सदस्य बनाउनुपर्नेसहितका आफूहरूको सर्त रहेको छ। उक्त सर्तमा खड्का र डा. कोइरालासँगै रहेको उनको दाबी थियो।

'१४औं महाधिवेशनबाट निर्वाचित भएर पनि हाल केन्द्रीय समिति बाहिर रहेका १११ जनालाई केन्द्रीय सदस्य बनाउनुपर्छ,' घिमिरेले भने, 'निर्वाचनसँग सम्बन्धित सबै समितिहरूमा दुवै पक्षको सन्तुलित सहभागिता हुनुपर्छ र निर्णय बहुमतका आधारमा नभई सहमतिका आधारमा गरिनुपर्छ।' नेता डा. शेखर कोइराला समूहको भनाइ पनि उस्तै खालको छ। डा. कोइरालाले निवर्तमान सभापति शेरबहादुर देउवासहितको सहमति गर्नुपर्ने सभापति गगन थापासँग अडान राख्दै आएका छन्। डा. कोइराला पक्षीय नेता तथा निवर्तमान सहमहामन्त्री बद्री पाण्डेले कोइरालाले देउवासहितको सहमति गर्नुपर्ने धारणा सभापति थापासँग राखेको जानकारी दिए।

सडकमा...

भयो। सुरु दिनमै (२३ भदौ) कम्तीमा १९ जनाको मृत्यु र सयौं घाइते भएको विवरण सार्वजनिक भयो। त्यसपछि आन्दोलन रोकिएन, झन् फैलियो।

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता भए पनि आन्दोलनकारीको माग अब केवल सामाजिक सञ्जालमा सीमित रहेन। प्रधानमन्त्रीको राजीनामा, भ्रष्टाचारमाथि छानबिन, राजनीतिक नेतृत्वको जवाफदेहिता र शासन प्रणालीमा परिवर्तनको माग सडकमा बलियो बन्यो।

अन्ततः तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपऱ्यो। आन्दोलनले नेपाली राजनीतिलाई नै नयाँ मोडमा पुऱ्यायो।

यो आन्दोलनको एउटा महत्वपूर्ण विशेषता यसको संगठनात्मक स्वरुप थियो। परम्परागत राजनीतिक दलजस्तो स्पष्ट नेतृत्व, केन्द्रीय समिति वा औपचारिक संरचना आन्दोलनमा देखिएन।

डिजिटल पुस्ताले सामाजिक सञ्जाल, म्यासेजिङ एप र अनलाइन नेटवर्कमार्फत सूचना आदानप्रदान गर्दै ठूलो संख्यामा मानिसलाई सडकमा उताऱ्यो।

त्यसैले यो आन्दोलन केवल राजनीतिक नाराको आन्दोलन थिएन, यो डिजिटल पुस्ताले राज्य र राजनीतिक संस्थालाई दिएको प्रत्यक्ष चुनौती पनि थियो।

सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-६, सुर्खेत (०८३-५२२०५६, ५२१४७७)

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/२३ गते, मंगलबार)

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित तपाईं ऋणी सदस्यले विभिन्न शीर्षकअन्तर्गत लिनु भएको ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत यसै संस्थासँगको सर्त कबुलियत बमोजिम मासिक तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रमार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाइ ऋणसम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि संस्थाले काँक्रेविहार राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको मुख्य कार्यालय तथा सम्पर्क कार्यालयमा सम्पर्क राखि संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (ऋणको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम) समेत चुक्ता गर्नहुन सुचित गरिन्छ।

अन्यथा यो सूचनाबमोजिम आफूले लिएको ऋणको बाँकी बक्यौता तिर्न बुझाउन नआएमा ऋणी र धितो जमानत दिने सदस्यहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश गरिनेछ र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०७८, ऋण व्यवस्थापन कार्यविधि २०७८, ऋण अन्वेषण कार्यविधि २०७९ तथा प्रचलित कानुनबमोजिम (म संस्थाले आफ्नो सम्पूर्ण लेना रकम) असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सहकारी ऐनको दफा (८०) बमोजिम कालो सूचिमा समावेश गरी कानुनी प्रक्रियासमेत अगाडि बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानुनअनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी सावाँ, ब्याज, हर्जाना तथा अन्य दैदस्तुर असूल उपरका लागि कानुनी प्रक्रिया अगाडि बढाइ असुलउपर गरिने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरू तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ।

ऋणीको विवरण

क्र. सं.	ऋणी सदस्यको नाम/तीन पुस्ते विवरण	फोटो	जगाधनीको विवरण	जगाको विवरण
१	**नामथर - राम कुमारी बराल** बाबु- चन्द्र बहादुर थापा बाजे - छविलाल बराल श्रीमान- राम बहादुर बराल ना.प.न-६४३०२४/१०४ सुर्खेत स्थायी ठेगाना - कल्याण ०५, सुर्खेत हालको ठेगाना- लेकबेशी ६, सुर्खेत		नाम थर- छविलाल बराल ना.प.न.- ७७६० सुर्खेत बाबु- पर्जे बराल बाजे- नर बहादुर सिजाली	साविक लेखफर्सा २ क, कित्ता नं. १४९ क्षेत्रफलः २७९३.०८ व.मि
२	**ऋणीको नाम : दिलबहादुर थापा मगर** बाबु- विर बहादुर थापा मगर बाजे - हरिराम थापा श्रीमती - तिलीसरा थापा ना.प.न- ७२६ स्थायी ठेगाना - कल्याण ७, सुर्खेत हालको ठेगाना- लेकबेशी ७, सुर्खेत		स्वयम	साविक-डाँडागाउँ ९ क, कित्ता न. २६८ र २७० क्षेत्रफल १८४४.१८ र ४९६.८२ व.मि
३	**ऋणीको नाम : हर्ष बहादुर सुनारी** बाबु- भक्त बहादुर सुनारी बाजे - खड्क विर सुनारी श्रीमती - टिका सुनारी ना.प.न- ५५८११ स्थायी ठेगाना - साटाखानी ०५, सुर्खेत हालको ठेगाना- लेकबेशी ९, सुर्खेत		नामथर - भक्त बहादुर सुनारी बाबु- खड्क विर सुनारी बाजे - चन्द्रविर	साविक-साटाखानी ९ ख,कित्ता न. ४८ क्षेत्रफल -६८४०.३७ व.मि
४	**ऋणीको नाम : धनमाया गाहा** बाबु- बल बहादुर राना बाजे - कमानसिं राना श्रीमान- झलक बहादुर गाहा ना.प.न- ००४ स्थायी ठेगाना - कल्याण १, सुर्खेत हालको ठेगाना- लेकबेशी ६, सुर्खेत **पारिवारिक जमानी -** नानीमाया गाहा नाता- बुहारी लेकबेशी ६, सुर्खेत		नामथर- नानीमाया गाहा ना.प.न.- ६४३०२४/४४ सुर्खेत बाबु- कुल बहादुर थापा पति- ललित बहादुर गाहा	साविक लाटिकोइली १ ग, कित्ता न. २७७९ क्षेत्रफल ८९.०० व.मि.

राष्ट्रपति पौडेलले भने :

विपत्तिमा परेका नागरिकलाई राज्यको साथ र भरोसा चाहिएको छ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ भदौ

राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित तथा प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र जीविकोपार्जनका आधार गुमाएका नागरिकको पीडा गहिरो रहेकाले उनीहरूलाई राज्यको साथ र भरोसा चाहिएको बताएका छन्।

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा र नुवाकोटका विभिन्न क्षेत्रको स्थलगत अवलोकन गरी काठमाडौं फर्किएपछि राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले पीडितका गुनासा र मागलाई आलोचनाका रूपमा नलिई समस्या समाधानका लागि प्राप्त महत्वपूर्ण सङ्केतका रूपमा बुझ्न सरकार तथा सम्बन्धित सबै निकायलाई आग्रह गरेका हुन्।

राष्ट्रपति पौडेलले बाढीपीडितको उद्धार, खोजी, राहत, पुनर्निर्माण र पुनःस्थापनाका सबै कामलाई अझ प्रभावकारी ढङ्गले अघि बढाउन सरकारबाट स्थानीय तहलगायत राज्यका सबै तह, निकाय, संरचना र पक्षसँग आवश्यक समन्वय गरेर काम भइरहेकोमा आफू विश्वस्त रहेको बताए। 'यस प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो जीविकोपार्जनका आधार खोसिएका नागरिकहरूको पीडा अत्यन्त गहिरो छ। अहिले उनीहरूलाई राज्यको साथ चाहिएको छ, भरोसा चाहिएको छ र सरकार, राजनीतिक दल एवम् सम्पूर्ण नागरिक सङ्गसंस्था त्यसका लागि क्रियाशील छन् भन्ने मैले ठानेको छु,' उनले भने, 'यो दुःखको घडीमा म आफू पनि सबैको साथमा रहेको विश्वास दिलाउन चाहन्छु।'

विपत्तिमा परेका नागरिकको आवाज सुन्नु र उनीहरूको पीडाप्रति संवेदनशील हुनु लोकतान्त्रिक राज्यको आधारभूत कर्तव्य भएको उल्लेख गर्दै उनले पीडितका गुनासा र मागलाई आलोचनाका रूपमा नभई समाधानका लागि प्राप्त महत्वपूर्ण सङ्केतका रूपमा ग्रहण गर्न आग्रह गरे।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जनशक्ति तयार

❐ **काँक्रेविहार संवाददाता**
जाजरकोट, २२ भदौ

जाजरकोटमा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि दक्ष जनशक्ति तयार गरिएको छ। भूकम्पबाट अति प्रभावित भेरी नगरपालिका-१, पिपेमा एकहप्ते डकर्मी तालिम सञ्चालन गरी भूकम्प प्रतिरोधी संरचना निर्माण गर्न दक्ष सिप सिकाइएको हो।

कारितास नेपाल र यार्सन जाजरकोटको साझेदारीमा लाइफ परियोजना अन्तर्गत तालिम सञ्चालन गरिएको हो। तालिममा सात जना पुरुष र नौ जना महिला गरी १६ जनाको सहभागिता रहेको थियो। भेरी नगरपालिकासँगको साझेदारीमा कार्यक्षेत्रमा सञ्चालन भएको तालिममा प्रशिक्षक पुष्पराज थारूले माटो र ढुङ्गाको प्रयोग गरी कसरी भूकम्प



प्रतिरोधी घर बनाउन सकिन्छ भन्ने विषयमा सहभागीलाई व्यावहारिक अभ्यासका साथ प्रशिक्षण दिइएको बताए।

कारितास नेपालका वरिष्ठ कार्यक्रम अधिकृत हेमराज भट्टले स्थानीयस्तरमा दक्ष जनशक्ति अभाव परिपूर्ति गर्नका लागि यो तालिम आयोजना गरिएको बताए। अब हुने पुनर्निर्माणमा तालिम प्राप्त जनशक्ति प्रयोग हुने उनको भनाइ छ। भेरी नगरपालिका-१ का वडाध्यक्ष दीपक रानाले तालिमले जाजरकोट भूकम्प पुनर्निर्माणमा आवश्यक पर्ने दक्ष जनशक्ति तयार भएको बताए।

वीरेन्द्रनगरमा...

अपाङ्गता भएका व्यक्तिसम्म सबैका लागि उपयोगी हुने गरी पार्क निर्माण गरिएको उल्लेख गरिन्।

सार्वजनिक स्थल सबै नागरिकका लागि सुरक्षित, सहज र पहुँचयोग्य हुनुपर्ने भन्दै उनले पार्कको संरक्षण र उचित व्यवस्थापनमा स्थानीय समुदायको पनि महत्वपूर्ण भूमिका रहने बताइन्।

पार्कमा बालबालिकाका लागि खेल्ने तथा सिक्ने स्थान, युवाहरूका लागि विभिन्न गतिविधि गर्न सकिने संरचना तथा योग र शारीरिक अभ्यासका लागि स्थानसमेत निर्माण गरिएको छ।

त्यस्तै, ज्येष्ठ नागरिकलाई आराम तथा समय बिताउन सहज हुने संरचना र अपाङ्गता भएका व्यक्तिले समेत सहज रूपमा प्रयोग गर्न सक्ने गरी पार्कका संरचना निर्माण गरिएको छ। पार्कमा सबै वर्गका नागरिकले प्रयोग गर्न मिल्ने अपाङ्गतामैत्री शौचालयको समेत व्यवस्था गरिएको छ।

बालबालिकाले खेल्दै रमाउन र सिक्न सक्ने वातावरणका साथै अध्ययन तथा सिकाइका लागि उपयुक्त स्थानको व्यवस्था गरिएको छ।

धार्मिक तथा सांस्कृतिक गतिविधिका लागि पूजास्थलसमेत निर्माण गरिएको छ।

पार्कले विभिन्न उमेर र समूहका नागरिकलाई एउटै स्थानमा जोड्दै सुरक्षित, समावेशी र मनोरञ्जनात्मक सार्वजनिक स्थलका रूपमा योगदान गर्ने अपेक्षा गरिएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सत्यदेवी शाही** धनी रहेको, **दर्ता नम्बर** २५४४/०७२/०७३ बाट **उत्तरगंगा-९ हाल वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **कल्पना पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सत्यदेवी शाही** धनी रहेको, **दर्ता नम्बर** २५३१/०७२/०७३ बाट **वीरेन्द्रनगर-१८ हाल वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **हिमशिखर म:म एण्ड सेकुवा कर्नर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर-६, सुर्खेत

२५ औं वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०५/२३

उपरोक्त सम्बन्धमा यस **वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सुर्खेत**को मिति २०८३/०५/०६ गतेको सञ्चालक समितिको बैठकले संस्थाको विनियम, २०७९ को दफा २८ (१) बमोजिम संस्थाको **२५औं वार्षिक साधारण सभा** एकाइगत रूपमा तपसिलको मिति, समय र स्थानमा समान कार्यसूची र समय तालिका अनुसार हुने भएकाले तोकिएको मिति, समय र स्थानमा आफू आवद्ध सेवा केन्द्रका स्थानहरुमा अनिवार्य उपस्थिति भैईदिनहुन सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपसिल (साधारण सभाको कार्यतालिका)

क्र. सं	एकाई	सेवा केन्द्रको नाम	मिति	समय	स्थान
१	१ नं एकाई	गुटु र अभ्यूदय सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	अभ्यूदयसेवा केन्द्र
२	२ नं एकाई	बडिचौर सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	बडिचौर सेवा केन्द्र
३	३ नं एकाई	मालिका सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मालिका सेवा केन्द्र
४	४ नं एकाई	राकम सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	राकम सेवा केन्द्र
५	५ नं एकाई	मेहेलकुना सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मेहेलकुना सेवा केन्द्र
६	६ नं एकाई	जहरे र छिन्चु सेवा केन्द्र	२०८३ असोज २४ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	छिन्चु सेवा केन्द्र
७	७ नं एकाई	वीनपा भित्रका ५ सेवा केन्द्र	२०८३ असोज २५ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	वीरेन्द्रनगर सिटिहल
८	एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा		२०८३ असोज २८ गते	बिहान ११ बजे देखि अपराह्न ४ बजेसम्म	मुख्य कार्यालय

२५औं वार्षिक साधारण सभाको कार्यसूची

१. साधारण सभाको गणपूरक संख्या सम्बन्धमा ।
२. सञ्चालक समितिका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
३. संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तथा आय व्याय सम्बन्धी आर्थिक प्रगति प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
४. संस्थाको आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम र प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा ।
५. संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६. संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
७. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
८. संस्थाको संशोधित विनियम २०७९ पारित गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
१०. शेयर लाभांस र संरक्षित पूँजी फिर्ताकोष वितरण सम्बन्धमा ।
११. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
१२. संस्थाका संशोधित आन्तरिक कार्यविधिहरू पारित गर्ने सम्बन्धमा ।
१३. संस्थाको बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा ।
१४. संस्थाको नाममा जग्गा खरिद गर्ने सम्बन्धमा ।
१५. सदस्यहरूको ब्याज हर्जाना छुट दायित्व अनुमोदन गर्ने सम्बन्धमा ।
१६. संस्थामा रहेका स्थिर सम्पत्ति र अन्य सम्पत्तिहरूको खर्च लेखाङ्कन अनुमोदन गर्ने सम्बन्धमा।
१७. साधारण सभाका निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१८. भाखा नाघेको ऋणको धितो लिलाम गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
१९. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
२०. विविध सम्बन्धमा ।

पुनश्च:

१. संस्थाको साधारणसभामा सदस्य बाहेक निजका नातेदार वा प्रतिनिधिले भाग लिन पाउने छैनन् ।
२. साधारण सभामा भाग लिन आउने सदस्यको कुनै छुट्टै प्रस्ताव वा सुझाव भए २०८३/०६/२० गते भित्र संस्थाको पायक पर्ने सेवा केन्द्र कार्यालयमा दर्ता वा birendranagar.sacoss@gmail.com मा ईमेल गरि दिनहुन अनुरोध छ।

.....
अध्यक्ष
बम बहादुर वि.सी.





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)